# पर्यटन विकास (दोश्रो संशोधन) नियमावली, २०७९

स्वीकृत मिति
२०७९/०५/३१

पर्यटन विकास नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन विकास ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम "पर्यटन विकास (दोस्रो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>पर्यटन विकास नियमावली, २०७७ को प्रस्तावनामा संशोधनः</u> पर्यटन विकास नियमावली, २०७७ (यसपछि "मूल नियमावली" भनिएको) को प्रस्तावनामा "निमयहरु" भन्ने शब्दको सट्टा "नियमहरु" भन्ने शब्द राखिएको छ।

३. <u>पर्यटन विकास नियमावलीको नियम ३ मा संशोधनः</u> मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१) मा रहेको "इजाजतपत्रको लागि" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर वापत एक सय रुपैयाँ र" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकबाट कम्तिमा" भन्ने शब्दहरु पछि रहेको "पाँच" भन्ने शब्दलाई "एक" बनाइएको छ।

४. <u>पर्यटन विकास नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (२) मा रहेको "सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेको "सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधनः</u> मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) मा रहेको "पाँच वर्षको" भन्ने शब्दहरुको सट्टा "एक वर्षको" भन्ने शब्दहरु राखिएको छ।

(२) उपनियम (२) मा रहेको "समाप्त हुन अगावै" भन्ने शब्दहरु पछाडी रहेको "एक सय रुपैयाँ दरखास्त दस्तुर सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(३) उपनियम (३) मा रहेको "सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा सो को स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः

"(४) इजाजतपत्रको म्याद समाप्त भएपछि कसैले इजाजतपत्रको नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप नवीकरण दस्तुर लाग्नेछः

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चीस प्रतिशत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिले पुनः तीन महिनासम्म नवीकरण दस्तुरको शत प्रतिशत

(५) उपनियम (५) सट्टा देहायको उपनियम (५) राखिएको छ।

"(५) उपनियम (४) बमोजिमको म्यादभित्र कसैले इजाजतपत्रको नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र मन्त्रालयले सूचना प्रकाशन गरी खारेज गर्नेछ।"

६. <u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u> मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (१) मा रहेको "त्यस्तो कार्यालय रहने स्थान समेत खुलाई" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

७. <u>मूल नियमावलीको नियम ११ मा संशोधनः</u> मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

८. <u>मूल नियमावलीको नियम १२ मा संशोधनः</u> मूल नियमावलीको नियम १२ को,-

(१) उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

९. <u>मूल नियमावलीको नियम १३ मा संशोधनः</u> मूल नियमावलीको नियम १३ को,-

उपनियम (१) मा रहेको "फुकुवा गर्नु पर्ने भएमा कारण खोली" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

१०. <u>मूल नियमावलीको नियम १४ मा संशोधनः</u> मूल नियमावलीको नियम १४ को,-

(१) उपनियम (१) मा रहेको "पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न चाहेमा" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न उपयुक्त देखेमा सिफारिस दस्तुर वापत" भन्ने शब्दहरु पछाडी रहेको "पाँच सय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सो को सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सो को सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

११. <u>मूल नियमावलीको नियम १५ मा संशोधनः</u> मूल नियमावलीको नियम १५ को,-

(१) उपनियम (१) मा रहेको "सवारी साधनमा भन्सार सुविधाको लागि सिफारिस प्राप्त गर्न चाहेमा" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "मापदण्ड पुरा गरेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीलाई सिफारिस दस्तुर वापत" भन्ने शब्दहरु पछाडी रहेको "पाँचसय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१२. <u>मूल नियमावलीको नियम १६ मा संशोधनः</u> मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) मा रहेको "लाइसेन्स प्राप्त गर्न सम्वन्धित निकायमा सिफारिस प्राप्त गर्न" भन्ने शब्दहरु पछाडी रहेको "एक सय रुपैयाँ दरखास्त दस्तुर सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नको लागि" भन्ने शब्दहरु पछाडी रहेको "पाँच सय" भन्ने शब्दहरुको सट्टा "एक हजार" भन्ने शब्दहरु राखिएका छन्।

१३. <u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u> मूल नियमावलीको नियम १७ को,-

उपनियम (३) मा रहेको "इजाजत पत्र स्वतः खारेज हुनेछ" भन्ने शब्दको सट्टा "इजाजतपत्र मन्त्रालयले खारेज गर्नेछ" भन्ने शब्द राखिएको छ।

१४. <u>मूल नियमावलीको नियम १८ मा संशोधनः</u> मूल नियमावलीको नियम १८ को,-

(१) उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः

"(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ एजेन्सीको कार्यालय वा शाखा कार्यालयले तिर्नुपर्ने बाँकी दस्तुर शुल्क तिर्न लगाई बन्द भएको व्यहोरा मन्त्रालयले अभिलेखमा जनाउनु पर्नेछ।"

१५. <u>मूल नियमावलीको नियम २० मा संशोधनः</u> मूल नियमावलीको नियम २० को,-

(१) उपनियम (१) मा रहेको "पर्यटकस्तरको भनी दर्ता गराउन चाहेमा" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) नियम (१) को खण्ड "ञ" को सट्टा देहायको खण्ड (ञ) राखिएको छ।

"(ञ) पर्याप्त पार्किङको सुविधा भएको "

(३) उपनियम (१) को खण्ड "ट" को सट्टा देहायको खण्ड "ट" राखिएको छ।

"(ट) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकले मन्त्रालयको नाममा जारी गरेको एक लाख रुपैयाको बैंक जमानत पत्रको सक्कल प्रति"

१६. <u>मूल नियमावलीको नियम २१ मा संशोधनः</u> मूल नियमावलीको नियम २१ को,-

(१) उपनियम (१) मा रहेको "सक्कल भौचर राखी दर्ता किताबमा सो कुरा जनाई अनुसूची ६ बमोजिमको ढाँचामा तीन वर्षको लागि मन्त्रालयले इजाजत पत्र दिनेछ" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी राखी दर्ता किताबमा सो कुरा जनाई अनुसूची ६ बमोजिमको ढाँचामा एक वर्षको लागि मन्त्रालयले इजाजत पत्र दिनेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेको "सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

१७. <u>मूल नियमावलीको नियम २२ मा संशोधनः</u> मूल नियमावलीको नियम २२ को,-

उपनियम (१) को खण्ड (घ) मा रहेको "विकास" भन्ने शब्दको सट्टा "प्रवर्द्धन" भन्ने शब्द राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१८. <u>मूल नियमावलीको नियम २७ मा संशोधनः</u> मूल नियमावलीको नियम २७ को सट्टामा देहायको नियम २७ राखिएको छः

"२७. **<u>होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसको स्तर निर्धारण गर्नेः</u>** (१) प्रदेश सरकारले यस नियमावली बमोजिम स्तर निर्धारण वा वर्गीकरण गरिएका प्रत्येक होटल वा लज वा रेष्टुराँ वा बार वा पार्टी प्यालेसमा हुनुपर्ने सुविधाका बारेमा प्रत्येक तीन वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी मापदण्ड हेरफेर गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम स्तर निर्धारण वा वर्गीकरण गरिएका प्रत्येक होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसले त्यसरी हेरफेर गरिएको मापदण्ड अनुसार सेवा सुविधा उपलब्ध गराएको विषयमा मन्त्रालयमा स्तर वा वर्गीकरणको नवीकरण गराउनु पर्नेछ।"

१९. <u>मूल नियमावलीको नियम २७ मा संशोधनः</u> मूल नियमावलीको नियम २७ पछि देहायको नियम २७क राखिएको छः

"२७क. **<u>होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसको नवीकरणः</u>** (१) यस नियमावली बमोजिम दर्ता भएका प्रत्येक होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसले इजाजतपत्रको म्याद समाप्त भएको दुई महिना भित्रमा नवीकरणको लागि मन्त्रालयमा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम नवीकरणको लागि दरखास्त परेमा अनुसूची १३ मा तोकिए बमोजिमको नवीकरण दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर वा भौचरको स्क्यान कपी राखी एक वर्ष अवधिको लागि मन्त्रालयले नवीकरण गर्नेछ।

(३) उपनियम (२) बमोजिम नवीकरण गर्न छुट भएका पर्यटन व्यवसायीले उचीत कारण खुलाई म्याद समाप्त भएको मितिले थप तीन महिना सम्ममा नवीकरणको लागि मन्त्रालयमा दर्खास्त दिएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी अनुसूची १३ बमोजिम लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई नवीरकण गर्न सक्नेछ।

(४) उपनियम (२) र (३) बमोजिम नवीकरण गरिएका होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसको स्तर निर्धारण समितिले अनुगमन तथा मुल्यांकन गरी तोकिए बमोजिमको स्तर अनुसारको नभएको भनी सिफारिस गरेमा त्यस्तो होटल व्यवसायको इजाजतपत्र मन्त्रालयले खारेज गर्न सक्नेछ।"

२०. <u>मूल नियमावलीको नियम ३४ मा संशोधनः</u> मूल नियमावलीको नियम ३४ को,-

(१) उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

२१. <u>मूल नियमावलीको नियम ३५ मा संशोधनः</u> मूल नियमावलीको नियम ३५ को,-

(१) उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

२२. <u>मूल नियमावलीको नियम ३६ मा संशोधनः</u> मूल नियमावलीको नियम ३६ को,-

उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

"(१) इजाजतपत्र प्राप्त होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसले राखेको बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्नु पर्ने भएमा कारण खोली मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।"

२३. <u>मूल नियमावलीको नियम ३७ मा संशोधन</u>: मूल नियमावलीको नियम ३७ को,-

(१) उपनियम (१) मा रहेको "आयात गर्नका लागि सिफारिस प्राप्त गर्न चाहेमा" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "होटल व्यवसायीलाई सिफारिस दस्तुर वापत" भन्ने शब्दहरु पछाडी रहेको "पाँच सय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर वा भौचरको स्क्यान कपी राखी मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन्।

२४. <u>मूल नियमावलीको नियम ३८ मा संशोधन</u>: मूल नियमावलीको नियम ३८ को,-

(१) उपनियम (१) मा रहेको "सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न चाहेमा" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न उपयुक्त देखेमा सिफारिस दस्तुर वापत" भन्ने शब्दहरु पछाडी रहेको "पाँचसय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "एक हजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर वा भौचरको स्क्यान कपी राखी मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन्।

२५. <u>मूल नियमावलीको नियम ३९ मा संशोधन</u>: मूल नियमावलीको नियम ३९ को,-

(१) उपनियम (१) मा रहेको "लाइसेन्स प्राप्त गर्न सम्वन्धित निकायमा सिफारिस प्राप्त गर्न" भन्ने शब्दहरु पछाडी रहेको "एक सय रुपैयाँ दरखास्त दस्तुर सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नको लागि" भन्ने शब्दहरु पछाडी रहेको "पाँच सय" भन्ने शब्दहरुको सट्टा "एक हजार" भन्ने शब्दहरु राखिएका छन्।

२६. <u>मूल नियमावलीको नियम ४१ मा संशोधन</u>: मूल नियमावलीको नियम ४१ को,-

(१) उपनियम (१) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) मा रहेको "सूचना" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थप गरिएको छः

"(३) उपनियम (२) बमोजिम होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेस बन्द गर्नुभन्दा पहिले मन्त्रालयले निजले तिर्न बुझाउन बाँकी दस्तुर/शुल्क तिरे बुझाएको छ/छनै एकिन गरि तिर्न बुझाउन बाँकी भए असुल गरी व्यवसाय वा कारोबर बन्द गरेको अभिलेख राख्नु पर्नेछ।"

२७. <u>मूल नियमावलीको नियम ४३ मा संशोधन</u>: मूल नियमावलीको नियम ४३ को,-

"नियम (४३) पछि देहायको नियम (४३क) थप गरिएको छः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

"(४३क) <u>**कटेजः**</u> पर्यटकीय क्रियकलाप सञ्चालन गर्ने गरी स्थापना भएका कटेजको इजाजतपत्र दर्ता, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था रिसोर्ट सरह हुनेछ।"

२८. <u>**मूल नियमावलीको नियम ४४ मा संशोधनः**</u> मूल नियमावलीको नियम ४४ को,-

(१) उपनियम (१) मा रहेको "इजाजत एवं परिचय पत्र लिन चाहने व्यक्तिले" भन्ने शब्दहरु पछाडी रहेको "दरखास्त दस्तुर एकसय रुपैयाँ सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेको "अनुसूची १३ बमोजिमको दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको" भन्ने शब्दहरु पछाडी रहेको "सक्कल भौचर राखी अनुसूची ८ बमोजिमको ढाँचामा तीन वर्षको लागि इजाजतपत्र दिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी राखी अनुसूची ८ बमोजिमको ढाँचामा एक वर्षको लागि इजाजतपत्र दिनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

२९. <u>**मूल नियमावलीको नियम ४६ मा संशोधनः**</u> मूल नियमावलीको नियम ४६ को,-

(१) उपनियम (१) मा रहेको "इजाजत पत्रको म्याद समाप्त हुन भन्दा तीन महिना अघि" भन्ने शब्दहरुको सट्टा "इजाजतपत्रको म्याद समाप्त भएको दुई महिना भित्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेको "सक्कल भौचर राखी अर्को तीन वर्षको लागि" भन्ने शब्दहरु सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी राखी अर्को एक वर्षको लागि" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३) को खण्ड "ख" र "ग" झिकिएका छन्।

३०. <u>**मूल नियमावलीको नियम ४८ मा संशोधनः**</u> मूल नियमावलीको नियम ४८ को,-

उपनियम (२) मा रहेको "सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

३१. <u>**मूल नियमावलीको नियम ५१ मा संशोधनः**</u> मूल नियमावलीको नियम ५१ को,-

(१) उपनियम (१) मा रहेको "देहायको कागजात संलग्न गरी" भन्ने शब्दहरु पछाडी रहेको "एक सय रुपैयाँ दरखास्त दस्तुर सहित" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) को खण्ड "(ट)" झिकिएको छ।

(३) उपनियम (३) को खण्ड "(ख)" को सट्टा देहायको खण्ड "(ख)" राखिएको छः

"(ख) मन्त्रालयको नाममा जारी गरिएको दुई लाख बराबरको एक वर्ष अवधिको बैंक ग्यारेन्टि।"

३२. <u>**मूल नियमावलीको नियम ५३ मा संशोधनः**</u> मूल नियमावलीको नियम ५३ को,-

उपनियम (१) मा रहेको "सक्कल भौचर" भन्ने शब्दहरुको सट्टा "सक्कल भौचर वा भौचरको स्क्यान कपी" भन्ने शब्दहरु राखिएका छन्।

३३. <u>**मूल नियमावलीको नियम ५५ मा संशोधनः**</u> मूल नियमावलीको नियम ५५ को,-

(१) उपनियम (१) मा रहेको "तीन वर्षको" भन्ने शब्दहरुको सट्टा "एक वर्षको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेको "इजाजतपत्रको अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै" भन्ने शब्दहरुको सट्टा "इजाजतपत्रको अवधि समाप्त भएको दुई महिना भित्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपनियम (३) मा रहेको "अनुसूची-१३ मा तोकिए बमोजिमको दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।" भन्ने शब्दहरुको सट्टा "अनुसूची-१३ मा तोकिए बमोजिमको दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर वा भौचरको स्क्यान कपी राखी मन्त्रालयले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।

३४. <u>मूल नियमावलीको नियम ६० मा संशोधनः</u> मूल नियमावलीको नियम ६० को,-

उपनियम (१) मा रहेको "परिचय पत्रको लागि" भन्ने शब्दहरु पछाडी रहेको "एक सय रुपैयाँ दरखास्त दस्तुर सहित" भन्ने शब्दहरु झिकिएका छन्।

३५. <u>मूल नियमावलीको नियम ६३ मा संशोधनः</u> मूल नियमावलीको नियम ६३ को,-

(१) उपनियम (१) मा रहेको "परिचय पत्रको अवधि तीन वर्षको हुनेछ," भन्ने शब्दहरुको सट्टा "परिचय पत्रको अवधि एक वर्षको हुनेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (३) मा रहेको "अवधि समाप्त हुन तीन महिना अगावै एकसय रुपैयाँ दरखास्त दस्तुर सहित" भन्ने शब्दहरुको सट्टा "अवधि समाप्त भएको दुई महिना भित्रमा" भन्ने शब्दहरु झिकिएका छन्।

३६. <u>मूल नियमावलीको नियम १०२ मा संशोधनः</u> मूल नियमावलीको नियम १०२ को सट्टा देहायको नियम १०२ राखिएको छः

"१०२. <u>नवीकरण सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम(संशोधन सहित) प्रारम्भ भएपछि यस नियम बमोजिम लिएको इजाजतपत्रको म्याद समाप्त भई तोकिएको समय भित्र उक्त इजाजतपत्रको नवीकरण गर्न छुट भएका पर्यटन व्यवसायीलाई मन्त्रालयले एक पटकको लागि छ महिनाको समयावधि दिई नवीकरण गर्न सूचना आह्वान गर्नेछ।

(२) उपनियम (१) बमोजिम आह्वान गरिएको सूचनाको अवधिभित्र इजाजतपत्रको नवीकरण गर्न चाहने पर्यटन व्यवसायीले आधार र कारण सहित अनुसूची ३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा र पेश गरिएको कारण उपयुक्त देखिएमा मन्त्रालयले अनुसूची १३ बमोजिम लाग्ने इजाजतपत्र दस्तुरको दोब्बर दस्तुर लिई नवीकरण गर्नेछ।"

(४) यस नियमावली बमोजिम इजाजतपत्रको नवीकरण गर्नुपर्दा पर्यटन व्यवसायीले विद्युतीय माध्यम मार्फत वा भौतिक रुपमा मन्त्रालयमा नै आएर गर्नु पर्नेछ।

३७. <u>मुल नियमावलीको अनुसूची १३ मा संशोधनः</u> मुल नियमावलीको अनुसूची १३ को,-

(१) बुँदा नं १ को (ख) मा रहेको ट्राभल तथा ट्रेकिङको लागि नवीकरण दस्तुर "पन्ध्र हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) बुँदा नं १ को (ख) मा रहेको होटल, लज, रेष्टुराँ तथा रिसोर्ट र पार्टी प्यालेसको लागि नवीकरण दस्तुरु "पाँच हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "तीन हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

(३) बुँदा नं ३ को (ख) मा रहेको जलयात्रा व्यवसायको लागि नवीकरण दस्तुर "पहिलो तीन महिना सम्मको लागि पच्चीस हजार रुपैयाँ। त्यसपछिको एक वर्ष सम्मको लागि प्रति महिना थप पाँच हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पहिलो तीन महिना सम्मको लागि दश हजार रुपैयाँ र त्यसपछि एक वर्ष सम्म पन्ध्र हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश